# नेपालमा राजनीतिक व्यवस्था परिवर्तन र मिडिया

**डा. जगत नेपाल, उप–प्राध्यापक, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।**
Email : jagatnepal@gmail.com
**डा. डोलराज काफ्ले, सह–प्राध्यापक, केन्द्रीय इतिहास विभाग, त्रिवि**
Email : kafledol@gmail.com
**माहाप्रसाद खतिवडा, उप–प्राध्यापक, जनता आदर्श बहुमुखी क्याम्पस, विराटनगर (पूवि)**
Email : himpji@gmail.com

**सारसंक्षेप**

प्रस्तुत अनुसन्धानात्मक लेख राणा शासनको अन्त्य हुँदै मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र (२००७–२०६५) सम्म आइपुग्दा भएका प्रमुख राजनीतिक परिवर्तित घटनामा मिडियाको योगदानका बिषयमा केन्द्रीत छ । नेपालको इतिहासमा २००७ सालको क्रान्तिले निरंकुश राणा शासनको अन्त्य गरी मुलुकमा प्रजातन्त्र स्थापना गऱ्यो । जनताको ठूलो वलिदानीबाट प्राप्त प्रजातन्त्रलाई सैन्य बलमा राजा महेन्द्रले अपदस्त गरी ३० वर्षसम्म निर्दलीय पञ्चायती व्यवस्था चलाए । वि.सं.२०४६ सालको जनआन्दोलन मार्फत जनताले प्रजातन्त्र पुनःस्थापना गर्न राजालाई वाध्य बनाए । फेरी २०६१ माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले मुलुकको कार्यकारी अधिकार आफ्नो हातमा लिएर निरंकुश शासन शुरू गरे । २०६२–०६३ को जनआन्दोलनले राजालाई प्रतिनिधिसभा पुनस्थापना गर्न वाध्य बनायो । त्यसपछिका दिनमा राजनीतिक दलहरूले क्रमशः राजाका अधिकार कटौती गर्दै मुलुकमा गणतन्त्र स्थापनाको आधार बनाए । २०६५ साल जेठ १५ गते ऐतिहासिक संविधानसभाको पहिलो बैठकले 'राजतन्त्र' अन्त्य गरी नेपाललाई 'संघीय लोकतान्त्रिक गणतन्त्र' घोषणा गऱ्यो । करिव छ दशकको अवधिमा राणा शासन, संसदीय प्रजातन्त्र, निर्दलीय पञ्चायती व्यवस्था, बहुदलीय प्रजातन्त्र, राजाको निरंकुश शासन हुँदै मुलुकमा गणतन्त्र स्थापनाका लागि आन्दोलन भए । यस्ता राजनीतिक परिवर्तनहरूमा मिडियाको के कस्तो भूमिका रहेको थियो भन्ने यस अुनसन्धानको प्रश्न, ती परिवर्तनहरूमा मिडयाले खेलेको भूमिका बारे जानकारी गराउनु यसको उद्देश्य र गुणात्मक विधिका आधारमा सङ्कलित तथ्याङ्कलाई बर्णनात्मक र विश्लेषणात्मक विधिमा लेखन कार्य गरिएको छ ।

*मुख्य शब्दावली*: संविधानसभा, गणतन्त्र, जनआन्दोलन, प्रतिनिधिसभा, मिडिया

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८०/१२/१२, लेख पुनरावलोकन मिति : २०८०/०१/१३, लेख स्वीकृत मिति : २०८०/०२/१४ । **प्रकाशक** : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । जर्नलको होमपेज : https://www.nepjol.info/index.php/vaikharivani/index https://doi.org/10.3126/vaikharivani.v1i2.69855

## विषयपरिचय

आधुनिक नेपाली पत्रकारिताको इतिहास त्यति लामो छैन । वि.सं.१९५५ मा नेपालको पहिलो पत्रिका 'सुधासागर' मासिक छापिएको प्रमाणित तथ्य भए पनि त्यसको प्रति भने अभिलेखमा पाइदैन । त्यसैले १९५८ वैशाख २४ मा प्रकाशन भई वर्तमान सयमसम्म पनि निरन्तरता पाउदै आएको गोरखापत्रलाई आधुनिक नेपाली

पत्रकारिताको प्रारम्भविन्दु मान्ने गरिएको छ (नेपाल, गोरखापत्र : २०७९ वैशाख २४) । गोरखापत्र स्थापनापछि राणाकालभर नेपालमा पत्रपत्रिका फष्टाउने वातावरण थिएन । त्यो अवधिमा सरकारको सहयोगमा केही पत्रिका छापिए पनि तिनले निरन्तरता पाउन सकेनन् । प्रजातन्त्र, मानव अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको परिकल्पना गर्न नसकिने त्यो युगमा नेपाल भित्र रहेर शासकको आलोचना गर्न सक्ने अवस्था थिएन । त्यसले जनतामा राणाविरोधी भावना श्रृजना गर्न भारतबाट प्रकाशित पत्रपत्रिकाको उपयोग गरिएको थियो (जोशी, २०४८, पृ. ८०) । २००७ सालको सशस्त्र क्रान्तिबाट मुलुकमा प्रजातन्त्र स्थापना भएपछि प्रेसले स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण पायो । जनताको वलिदानीबाट प्राप्त प्रजातन्त्रले जरा गाड्न नपाउदै २०१७ साल पुष १ मा राजा महेन्द्रले संसदीय व्यवस्था समाप्त गरी ३० वर्षसम्म निरंकुश पञ्चायती व्यवस्था चलाए । राजा र पञ्चायत विरोधी पत्रिका वन्द गरिए । यो अवधिमा प्रेसले कडा सेन्सरसीपको सामना गर्नु पऱ्यो । राई (२०७९) का अनुसार राजतन्त्र र निरंकुश व्यवस्थाको पक्षपोषणमा सरकारी मिडियाको व्यापक दुरुपयोग गरियो (पृ. १०८–१०९) । पत्रकारलाई जेल हाल्ने, पत्रिकाको दर्ता खारेज गर्ने, छापाखानामा ताला लगाउने काम भए । यो अवधिमा प्रजातन्त्रको पक्षमा 'मिसन' पत्रकारिता चलाई रहेका साप्ताहिक पत्रिकाले पञ्चायतको विपक्षमा जनमत निर्माण गर्न योगदान गरे । सानो लगानीका साप्ताहिक पत्रिका कम थिए । तर तिनाको शक्ति र प्रभाव अधिक थियो (पाठक, २०७०, पृ. ५३ – ७२) ।

नेपाली राजनीतिमा२०४६ सालको जनआन्दोलनपछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेपछि ठूलो लगानीका छापा, रेडियो र टेलिभिजन उद्योग स्थापित भए (पौड्याल, २०७०, पृ. ८०) । नेपाली प्रेसले छोटो अवधिमै गुणात्मक फड्को मारेको, शिक्षित जनशक्ति आकर्षित भएको र पत्रकारिता नेपाली समाजको अभिन्न अंग बनेको अवस्थामा २०६१ माघ १९ मा राजा ज्ञानेन्द्रले मुलुकको कार्यकारी अधिकार हत्याएर मिडियामा सैन्य सेन्सरसीप शुरु गरे । राजाको निरंकुश कदम विरुद्ध प्रमुख राजनीतिक दलले २०६२–०६३ को जनआन्दोलन शुरु गरेपछि नेपाली प्रेसले शाही कदमको विरोध गर्दै प्रजातन्त्रको पक्षमा जनमत निर्माण गर्न योगदान गऱ्यो (नेपाल, हिमालखबर : २०८० मंसिर ३०)। जनआन्दोलन उत्कर्षमा पुगेपछि संसद पुनस्थापना गर्न राजा वाध्य भए । त्यसपछिका दिनमा राजनीतिक दलहरुले उठाएको संविधानसभा र गणतन्त्रको मुद्दालाई महत्व दिएर नेपाली प्रेसले राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापनाका पक्षमा जनमत निर्माण गर्न सहयोग गऱ्यो (नेपाल, २०२३, पृ. २१४) । यो आलेख नेपाली मिडियाले २००७ देखि २०६५ जेठ १५ सम्म राजनीतिक परिवर्तनका लागि गरेको योगदानका बिषयमा केन्द्रीत रहेको छ । प्रस्तुत अनुसन्धानको उद्देश्य राणा कालपछिका राजनीतिक परिवर्तनहरुमा मिडियाले खेलेको भूमिकाका बरेमा खोज गर्नु रहेको छ ।

## *अध्ययन विधि र सीमा*

प्रस्तुत लेख गुणात्मक अनुसन्धानपद्धतिका आधारमा तयार पारिएको छ । यो लेख नेपालमा राणा कालपछिका राजनीतिक परिवर्तनहरुमा जनमत तयार गर्नका लागि मिडियाले खेलेको भूमिकाका बिषयमा केन्द्रीत छ । वि.सं.२००७ सालको राजनीतिक परिवर्तनले राणा शासनको अन्त्य गरी मुलुकमा प्रजातन्त्र स्थापना गरेपछिका छ दशकको अवधिमा २०४६, २०६२–०६२ र २०६५ मा राजनीतिक व्यवस्था परिवर्तनका घटना भए । ती परिवर्तनका बेला नेपाली मिडियाले निर्वाह गरेको भूमिकाका बारेमा यस अघि प्रकाशित सन्दर्भ सामग्रीको अध्ययन र पत्रपत्रिका तथा अनलाइनमा प्रकाशित समाचार, लेखहरुको अध्ययन गरी त्यस्ता सामग्रीले समेट्न

नसकेको क्षेत्र राजीतिक परिवर्तनमा मिडियाको भूमिकालाई यहाँ खोजमूलक रुपमा प्रस्तुत गरिएको छ साथै अध्यनका क्रममा प्राथमिक स्रोतका रुपमा अन्तर्वार्ता विधि अपनाएर सङ्कलन गरिएका स्रोतहरु पनि उपयोग गरिएको छ । प्राप्त तथ्याङ्कहरुलाई वर्णनात्मक र विश्लेषणात्मक विधिका आधारमा तयार पारिएको छ ।

**सैद्धान्तिक अवधारणा**

प्रस्तुत लेख सामाजिक निर्माणवादको सिद्धान्त (Social Constructionism) मा आधारित रहेको छ । यस सिद्धान्तले समाजमा हुने निरन्तरका वहस, छलफल र अनुभवबाट ज्ञानको निर्माण हुन्छ भन्ने मान्यता राख्दछ । सामाजिक विकासक्रम र परिवर्तनमा मिडियाको हस्तक्षेपकारी प्रभाव हुन्छ र यसले वहस, छलफलमार्फत् ज्ञान निर्माणमा सहयोगी भूमिका खेल्छ । निरन्तरको छलफल, बहस, विचारविमर्श, व्यक्तिका अनुभव, भोगाइबाट ज्ञानको पुनर्निर्माण वा पुनरुत्पादन हुन्छ (वर्जर र लकम्यान, सन् १९९१, पृ. १३–३०) । प्रजातान्त्रिक शासन व्यवस्थामा आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक मुद्दामाथि बहस चलाएर मिडियाले स्वस्थ विचार निर्माणमा योगदान गर्छ । विश्वमा भएका ठुलाठुला राजनीतिक, सामाजिक र सांस्कृतिक परिवर्तनहरूमा जनतालाई जागरुक बनाउन मिडियाको भरपुर उपयोग भएको पाइन्छ । सन् १९१७ मा लेनिनले रुसी क्रान्तिको पक्षमा सैद्धान्तिक बहस चलाउन पत्रकारितालाई माध्यम बनाएका थिए (नेपाल, २०५७, पृ. ३) । त्यसैगरी अङ्ग्रेजविरुद्धको अहिंसात्मक क्रान्तिको सन्देश भारतीय जनतासम्म पुऱ्याउन महात्मा गान्धी योङ इण्डिया र हरिजन जस्ता पत्रिकामा लेख्ने गर्थे । गान्धीले पत्रकारिता प्रवर्धनका लागि लेखेका थिएनन्, अङ्ग्रेजविरुद्ध जनताको साथ र समर्थन जुटाउन मिडियाको भरपुर उपयोग गरेका थिए (खरेल, सन् २०१०, पृ. १९) । चीनमा माओत्से तुङले कम्युनिस्ट विचारधाराको प्रचारप्रसार गर्दै क्रान्तिलाई सफल बनाउन र संसारभर त्यसको सन्देश फैलाउन मिडियाको उपयोग गरेका थिए (नेपाल, २०५७, पृ. ३) । नेपालमा भएका सबै जसो राजनीतिक परिवर्तनका पक्षमा जनमत बनाउन मिडियाको योगदान थियो भन्ने सैद्धान्तिक कोणबाट यो अध्ययन गरिएको छ ।

**राणा शासनको अन्त्य र प्रजातन्त्र स्थापना (वि.स. १९९३ – २००७)**

रोलक्रमका आधारमा राणा परिवारका सदस्यहरु मात्र शासक हुने जहानिया राणा शासनको विरुद्ध आन्दोलन गर्ने उद्देश्यका साथ वि.सं. १९९३ मा स्थापना गरिएको नेपाल प्रजापरिषद्ले भारतीय पत्रपत्रिमा विरोधी लेख रचना छपाएर परिवर्तनका पक्षमा जनमत निर्माण गर्ने अभियान चलाएको पाइन्छ । त्यस संगठनका सदस्य दशरथ चन्दले सेवा सिंहको नाममा भारतबाट जनता साप्ताहिकमा राणाविरोधी लेख रचना छपाउने र हुलाकमार्फत विभिन्न व्यक्तिहरूको नाममा काठमाडौं पठाउने अभियान चलाएका थिए (जोशी, २०४८, पृ.७६) । जीवनमा कहिल्यै आफ्नो विरोध नसुनेका राणाहरु काठमाडौंमा जतातततै राणा विरोधी पत्रिका फेला पर्न थालेपछि अत्तालिए । अनी नेपालमा जनता साप्ताहिक पत्रिका माथि प्रतिबन्ध लगाइयो । त्यो पत्रिका पढ्ने जो कसैलाई छ महिना कैद गर्ने चेतावनी दिइयो (जोशी, २०४८, पृ. ७६ र पंगेनी, २०६२, पृ. १४) । काठमाडौं भित्रिएका पत्रिकाको खोजी गरी फेला परे जति सबै जलाएपछि राणा सरकारले भारतमा शासन चलाई रहेको अङ्ग्रेज सरकारलाई अनुरोध गरेर जनता पत्रिका बन्द गर्न लगाएका थिए । त्यति बेला भारतीय पत्रपत्रिकामा छापिने समाचार समाग्रीले निरङ्कुश शासन सत्ताको जगलाई नराम्रोसँग हल्लाइदिएको थियो (खरेल, सन् २०१२, पृ. १२२) ।

पत्रिकामा लेख रचना प्रकाशन गर्ने अभियान चलाएपछि प्रजापरिषद्ले काठमाडौं, पाटन र भक्तपुरमा राणा विरोधी पर्चा छरेर ठूलो तरङ्ग पैदा गरेको थियो । पर्चा काण्डले ठूलै हलचल भएपछि सरकारले प्रजापरिषद्का सदस्यहरुका बारेमा सूचना दिने व्यक्तिलाई पाँच हजार इनाम दिने घोषणा सहित गोर्खापत्रमा सूचना

प्रकाशित गरायो । राणा विरुद्ध जनता भड्काएको आरोपमा प्रजापरिषद्का सदस्यहरु धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द सहित शुक्रराज शास्त्रीलाई मृत्युदण्ड दिइयो (गौतम, २०५५, पृ. १) । टंकप्रसाद आचार्य र रामहरि शर्मासहित आफ्ना सबै जसो समर्थकलाई थुनिएपछि प्रजापरिषद्ले विरोधी गतिविधि सञ्चालन गर्नसकेन । प्रजापरिषद्लाई निष्कृय वनाउन सफलभएपछि राणाहरु आफ्ना पिता पूर्खाले चलाएको शासन सत्ताको आयु लम्व्याउन सकेमा उत्साहित थिए ।

त्यस समय, उता भारतमा महात्मा गान्धीको नेतृत्वमा अङ्ग्रेज विरुद्ध आन्दोलन चर्किदै थियो । वि.सं. २००० ताका आई पुग्दा भारत अंग्रेजको उपनिवेशबाट मुक्त हुने निश्चित भैसकेको थियो । अंग्रेजको आडमा टिकेका राणाहरु त्यो घटनाबाट चिन्तित थिए । प्रजापरिषद्का सदस्यहरुलाई थुनेपछि आफ्नो विरोधमा वोल्ने आट कसैले गर्न सक्ने छैन भन्ने राणाहरुले ठानेका थिए । निरंकुश शासकको दमनले स्वतन्त्रताको आवाजलाई बन्द गर्न सकेन । राणाहरुको कोपभाजनमा परि भारत प्रवासमा पुगेका नेपाली र अध्ययनका क्रममा भारतका विभिन्न स्थानमा रहेका विद्यार्थीहरुले २००३ देखि २००६ को बीचमा नेपाली राष्ट्रि«य कांग्रेस, नेपाल प्रजातन्त्र कांग्रेस, नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरे । यि सबै दलहरुको एउटै उद्देश्य थियो, राणा शासनको अन्त्य र प्रजातन्त्र वहाली । यस अवधिमा राष्ट्रि«य कांग्रेसको मुखपत्र युगवाणी र प्रजातन्त्र कांग्रेसको प्रकाशन नेपाल पुकार र डेमोक्रेटिक कांग्रेस पत्रिकाले राणाहरुको विरोधमा लेख रचना प्रकाशन गरी प्रजातन्त्रको पक्षमा जनमत निर्माण गर्न योगदान गरेका थिए (पाठक, २०७०, पृ. ५४ र प्रधान, २०७१, पृ. २३१) । राणा विरोधी भावना बढ्दै गर्दा २००७ सालमा नेपाली कांग्रेसले शसस्त्र क्रान्तिको घोषणा गऱ्यो । क्रान्ति शुरु हुनु अघि जहाजबाट देशका विभिन्न भागमा राणाविरोधी पर्चा छरिए (अधिकारी, २०७१, पृ.९२) । त्यस बेला क्रान्तिको समाचारलाई भारतीय पत्रपत्रिकाले महत्त्वका साथ प्रकाशन गरी राणाहरूको सातो लिने गरेको थियो (जोशी, २०४८, पृ. ८०) । राणा विरुद्धको संघर्षका क्रममा रेडियोलाई समेत अस्त्रका रूपमा उपयोग गरिएको थियो । क्रान्ति शुरु भएपछि विराटनगरमा सञ्चालन गरिएको प्रजातन्त्र नेपाल रेडियोले हतियारभन्दा ठुलो शक्ति विद्रोहीले प्राप्त गरेको थियो (विष्ट, २०७४, पृ. ४७) । २००७ सालको क्रान्ति सफल बनाउन मिडियाले कति भूमिका खेलेको थियो भन्ने विषयमा राणातर्फबाट वार्ताका लागि दिल्ली पुगेका केशरशमशेर जबराले जारी गरेको वक्तव्यबाट पनि थाहा हुन्छ । उनले भनेका थिए – प्रेस ट्र«स्ट अफ इन्डियाको रिपोर्टिङको आवाज कांग्रेसका विद्रोहीको गोलीभन्दा बढी सुनिन्छ (कोइराला, सन् २००८, पृ.१६९) । त्यसै गरी प्रधानमन्त्री मोहनशमशेरका छोरा विजयशमशेरले भनेका थिए – भारतीय प्रेसमा कांग्रेसी बन्दुकभन्दा बढी आवाज निस्कन्छ (कोइराला, २०६७, पृ. १३७) । यसरी २००७ सालको क्रान्तिमा भारतीय पत्रपत्रिका र विद्रोही रेडियोले राणा पक्षको मनोबल कमजोर बनाउन योगदान गरेको थियो । क्रान्तिअघि पत्रपत्रिका खुल्ने र बन्द हुने क्रम चलिरहेकाले गोर्खापत्र बाहेक नियमित प्रकाशन हुने अरु पत्रिका थिएनन् ।

## निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्र स्थापना (२०१७–२०४६)

राणा शासनको अन्त्य भै २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि बनेको प्रेस मैत्री वातावरणका कारण नेपालमा पत्रपत्रिका खुल्ने क्रम ह्वात्तै वढ्यो । तर शिक्षा, चेतना, यातायात, लगानी, दक्ष जनशक्ति, विज्ञापन, बजार, प्रविधि र वितरण प्रणालीको अभावमा पत्रिका चल्न सक्ने अवस्था थिएन (नेपाल, २०५७, पृ. ४) । त्यसैले त्यस कालखण्डमा खुलेका अधिकांश पत्रिका दल र नेताका मुखपत्र बने । २००७ देखि २०१७ को बीचमा प्रकाशित २८१ मध्ये कुनै पत्रिका आत्मनिर्भर हुन सकेनन् (दाहाल, २०६८, पृ. १७३) । सत्य, तथ्यमा आधारित भएर

आलोचना गर्नु प्रेसको धर्म नै हो । तर त्यो कालखण्डमा राजनीतिक आस्थाका आधारमा विपक्षीको घोर आलोचना गर्ने प्रवृत्ति मौलाउन पुग्यो (नेपाल, २०५७, पृ. ५) । मिडियाले आफ्नो व्यवशायिक धर्म निर्वाह गर्न नसक्दा विश्वसनीयता कायम राख्न सकेन । जसका कारण संसदीय व्यवस्थाको अन्त्य गरी निरङ्कुश शासन चलाउने राजाको महत्वाकांक्षालाई नै बल पुग्यो। २०१७ पुष १ गते राजा महेन्द्रले शासन सत्ता लिएपछि प्रेसमाथि नियन्त्रण सुरु भयो र विरोधी पत्रिका बन्द गरिए। राजा र निरंकुश व्यवस्थाको गुणगानमा प्रेसलाई दुरुपयोग गरियो। निर्दलीय व्यवस्थाप्रति पूर्ण बफादार पत्रिकालाई मात्र प्रेस काउन्सिलको सिफारिसमा सहुलियतपूर्ण ऋण दिन थालियो (देवकोटा, २०५९, पृ. ९३ र नेपाल, २०७२, पृ. ४१) । राई (२०७९) का अनुसार राजतन्त्र र पञ्चायतलाई फाइदा हुने गरी सरकारी मिडियाको दुरुपयोग गरियो (पृ. १०८–१०९) । राजा महेन्द्रको शासनकालभर नेपाली प्रेसले स्वतन्त्र वातावरणको उपभोग गर्न पाएन।

२०३६ जेठ १० मा राजा वीरेन्द्रले जनमत सङ्ग्रह घोषणा गरेपछि अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामाथिको प्र्रतिबन्ध खुकुलो भयो (नेपाल, २०५७, पृ.७)। त्यसपछिका दिनमा नेपाली समाजमा समाचार खोजी खोजी पढ्नेहरूको जमात ह्वात्तै बढ्यो (मैनाली, २०७४, पृ.२९) । दल निकट साप्ताहिक पत्रपत्रिकाले बहुदलको पक्षमा जनमत बनाउन ठुलो भूमिका खेले भने सरकारी मिडिया पञ्चायतको प्रचारयन्त्र बनाइए। जनमत संग्रहमा बहुदल पक्ष पराजित भएपछि सीमित अवधिका लागि उपभोग गर्न पाएको स्वतन्त्रता समेत संकुचित पारियो । नेपाल (२०५७) का अनुसार जनमतसंग्रहपछिका दिनमा नेपाली पत्रकारितामा गुणात्मक सुधारका लक्षणहरू देखा पर्न थाले। शिक्षित र बौद्धिक समूहमा सिमित रहेको पाठक विस्तार भएर साधारण जनताको तहमा पुगे।

२०४६ सालसम्म आइपुग्दा राजनीतिक विषयवस्तुलाई बढी प्राथमिकता दिने सीमित साप्ताहिक पत्रिका थिए तर तिनको शक्ति भने बढी थियो (पाठक, २०७०, पृ. ५३–७२) । प्रजातन्त्रको पक्षमा जनमत बनाउन र पञ्चायती व्यवस्थाको बदनाम गराउन तिनै पत्रिकाले सशक्त भूमिका खेलेका थिए। घिमिरे (२०७१) का अनुसार इन्डिया टुडे, टाइम्स अफ इन्डिया, हिन्दुस्तान, सन्डे अब्जरभर तथा अल इन्डिया रेडियो जस्ता भारतीय मिडियाले त्यो बेला नेपालमा जारी जनआन्दोलनका समाचार र विचारलाई निकै प्राथमिकता दिने गरेका थिए (पृ. २५२)। २०४६ सालमा पञ्चायती व्यवस्थाको अन्त्यभएपछि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्बाध उपभोग गर्ने वातावरण बन्यो।

### निरंकुश राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापना (२०६१–२०६५)

नेपाल अधिराज्यको संविधान २०४७ ले प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेपछि मिडियामैत्री वातावरण बन्यो। राष्ट्रिय सञ्चार नीति २०४९ ले पत्रकारितालाई उद्योगको मान्यता दिएका मिडियामा निजी क्षेत्रको लगानी बढ्यो (विरही, २०६०, पृ. १७७) । त्यसैको फलस्वरूप छोटो अवधिमै ठूलो आकारका दैनिक पत्रिका, रेडियो, टेलिभिजन स्थापित भए । मिडियाको बजार र उपभोक्ता वढेको र पत्रकारिताको गुणस्तरमा सुधार हुदै गएको अवस्था थियो । शिक्षा र जनचेतना ह्वात्तै बढेको, ठुला ब्रोडसिट दैनिक, एफएम रेडियो र टेलिभिजनहरूबीच प्रतिस्पर्धा सुरु भएको, दक्ष जनशक्ति आकर्षित भएको तथा मिडियाको गुणस्तर, विश्वसनीयता र प्रभाव बढेको अवस्था थियो। अर्याल (२०६९) का अनुसार नेपाली प्रेसले तत्कालीन समाजको विधि अनि मूल्य र मान्यताको

प्रसार गर्ने अति महत्त्वपूर्ण वाहकको भूमिका निर्वाह गर्दै थियो (पृ. ११५) । मिडिया नेपाली समाजको अभिन्न अङ्गका रूपमा स्थापित हुदै थियो । संविधान र कानुनको परिधि भित्र रहेर नेपाली प्रेसले संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको प्रतिष्ठा तथा गरिमा बढाउने सामग्रीको प्रवाह गरिरहेको थियो । २०४६ सालमा पुनःस्थापित प्रजातन्त्रले जरा गाड्न नपाएको र पत्रकारिताले भर्खरै व्यावसायिक यात्रा थालेको अवस्थामा २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले संविधान विपरित निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्त गरी मुलुकको कार्यकारी अधिकार आफ्नो हातमा लिए । सरकारी नियन्त्रित रेडियो नेपाल र नेपाल टेलिभिजनबाट राजाको शाही घोषणा प्रसारण हुनु अघि नै स्वतन्त्र सञ्चार माध्यमहरु हतियारधारी सैन्य दस्ताको कब्जामा परिसकेका थिए । २०४६ सालको राजनीतिक परिवर्तन पछिको खुला वातावरणमा हुर्किएको नेपाली समाजमा कुनै प्रकारको मूल्य चुकाउनु परे पनि आफूले उपभोग गरिरहेको स्वतन्त्रता गुमाउन तयार थिएन । त्यस्तो अवस्थामा टेलिफोन र इन्टरनेट सेवा अवरुद्ध गरेर सञ्चार माध्यममा सैनिक सेन्सरसिप लगाइएको घटनालाई आम नेपालीले स्वीकार्न सकेनन् । निर्वाचित सरकारलाई वर्खास्त गरी आफै कार्यकारी प्रधानमन्त्री बनेको घोषणा गर्दै राजाले जनताको बलिदानीबाट प्राप्त प्रजातन्त्रमाथि 'कु' गरेका थिए (दाहाल, २०६३, पृ.८१)। सेनाका अधिकृत परिचालन गरी सञ्चार गृहमा सेन्सरसिप लगाइनु नेपाली पत्रकारिता इतिहासकै लज्जास्पद घटना थियो । ढुङ्गेल (२०६४) का अनुसार राजाले सत्ता हत्याउनु अघि मिडियालाई मिनि ब्यारेकमा रुपान्तरण गरे (पृ. ९६) । प्रेस र रेडियो स्टेशनमा ताला लगाउने, बिजुली काट्ने, पत्रकारलाई धम्याउने, कुट्ने थुन्ने र कार्यस्थलबाट विस्थापित गराउने व्यवहार भए ।

प्रत्यक्ष रुपमा राजा र शाही कदमको विरोध गर्न सक्ने अवस्था नभएपछि केही समय पत्रकारहरूले साङ्केतिक रूपमा प्रतिकार गर्ने नीति अपनाए । मैनाली (२०६३) लेख्छन् – स्वतन्त्रतापूर्वक लेख्न नपाएका कारण शाहीकालमा नेपाली मिडियाले विश्वसनीयता गुमाए । व्यावसायिक प्रेसलाई आर्थिक रुपमा कमजोर बनाएर आफैँ बन्द हुने अवस्थामा पुऱ्याउने रणनीतिका साथ राजा र राजमुकुटको भक्ति गान गर्ने मिडियालाई मात्र विज्ञापन दिने नीति बन्यो । प्रमुख दलले 'निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्र बहाली' भन्ने नाराका साथ २०६२ चैत्र २४ देखि जनआन्दोलन शुरु गरेपछि शाही सत्ताले आफ्नो पक्षमा मात्र सूचना सम्प्रेषण गर्न र जनतालाई आन्दोलनमा सहभागी नहुन सरकारका तर्फबाट अपिल गरिएको सूचना प्रकाशन– प्रसारण गर्न मिडियालाई दबाब दिइयो । राजाले पटक पटक प्रजातन्त्र मासेको भन्दै जनआन्दोलननका क्रममा सडकमा गणतन्त्रको पक्षमा चर्को नाराबाजी भयो । सडकबाट जनताले उठाएका मुद्दालाई नेपाली प्रेसले उच्च महत्त्व र प्राथमिकताका साथ स्थान दिएर राजा नभए पनि मुलुक चल्न सक्छ भन्ने जनमत निर्माणमा योगदान गऱ्यो (आचार्य, कान्तिपुर : २०६२ चैत्र ४) । निष्ठुरी (२०६४) का अनुसार लोकतन्त्रको अभावमा पत्रकारिताले चौंथो अङ्गको भूमिका खेल्न सक्दैन भन्ने बुझेर राजाबाट खोसिएको प्रजातन्त्र र प्रेसको अधिकार बहालीका लागि पत्रकारहरु आफै आन्दोलनमा सहभागी भए (पृ. ८–९) । आन्दोलनमा जनताको सहभागिता बढ्दै गर्दा प्रेसको मनोबल बढ्दै गयो । पत्रिकाले आन्दोलनका समाचारलाई प्राथमिकता दिन थाले । एफएमहरूले बिहानैदेखि अखबारमा छापिएका समाचार, विचार र विश्लेषण सुनाउन थाले । समाचारमा राजा र राजपरिवारलाई सधैँ उच्च स्थान दिने सरकारी शैलीको समाचार प्रस्तुति र भाषामा बदलाव आउन थाल्यो (थापा, २०६४, पृ. १६९) । जनआन्दोलन उत्कर्षमा पुगेपछि २०६३ वैशाख ११ मा राजा प्रतिनिधिसभा पुनःस्थापना गर्न बाध्य भए । प्रजातन्त्र बहालीसँगै शाही सरकारले मिडियामा लगाएको सेन्सरसिप स्वतः अन्त्य भयो ।

पुनःस्थापित संसद्ले २०६३ जेठ ४ गतेको ऐतिहासिक घोषणाबाट राजाका अधिकार कटौती गरी संविधानसभा निर्वाचन हुँदै गणतन्त्रसम्म पुग्ने मार्गचित्र तय गऱ्यो । संसद्को त्यो निर्णयको सम्मान गर्दै नेपाली प्रेसले संविधानसभा निर्वाचनको पक्षमा जनमत बनाउन योगदान गऱ्यो । २०६४ चैत्र २८ गते भएको ऐतिहासिक संविधानसभा निर्वाचनबाट मुलुकले पहिलोपटक संविधान निर्माण गर्ने र त्यसलाई वैधानिकता प्रदान गर्ने जनप्रतिनिधिमूलक संस्था पायो (संविधानसभा दर्पण, २०६५–२०६९, २०७०, पृ.१) । बन्दुकको नालबाट राज्यसत्ता कब्जा गर्ने भन्दै सशस्त्र विद्रोह गरेको माओवादी शक्तिलाई चुनाव मार्फत संसदीय राजनीतिमा अवतरण गराउनु संविधानसभा निर्वाचनको सबैभन्दा ठुलो उपलब्धि थियो (रामचन्द्र पौडेल, अन्तर्वार्ता : असार २६ र २८, २०७७) ।

नेपालमा सधैं राजाहरूले जनताको भाग्य निर्धारण गर्दै आएका थिए, जनताको अभिमतबाट संविधानसभा गठन भएपछि पहिलोपटक जनप्रतिनिधिहरूले राजतन्त्रको भविष्य निर्धारण गर्दैछन् भन्ने सन्देश मिडियाले प्रवाह गरे । २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकले शान्तिपूर्ण रुपमा २३८ वर्ष लामो राजतन्त्र अन्त्य गरी विष्णुको अवतार मानेर जनताले पूजा गर्दै आएका राजालाई सामान्य नागरिकमा रुपान्तरण गरिदियो (नेम्वाङ, २०७९, भदौ १७) । गणतन्त्र कार्यान्वयनको घटनालाई नेपाली प्रेसले नेपाली जनताको जीतका रुपमा चित्रित गर्दै अत्यन्त महत्त्वका साथ समाचार तथा विचार प्रवाह गरे । जनता सार्वभौम एवम् राजकीय सत्ताका मालिक बने ।

**निष्कर्ष**

नेपाली जनताले निरंकुश शासन व्यवस्थाको अन्त्य र प्रजातन्त्र वहालीका पक्षमा वि.सं. १९९३ सालदेखि प्रारम्भ गरेको आन्दोलनका पक्षमा जनमत बनाउन मिडियाको भूमिका महत्वपूर्ण रहेको छ । २००७ सालको क्रान्तिमा निरंकुश राणा शासन विरुद्ध जनभावना सिर्जना गरी प्रजातन्त्रको पक्षमा जनमत बनाउन भारतीय पत्रपत्रिकाको योगदान थियो भने २०१७ सालको शाही कु पछि लामो समय राजा र व्यवस्थाको विरोधमा लेख्ने पत्रिका बन्द गरिए । पत्रकारहरुलाई थुनियो । छापाखानामा ताला लगाउने काम भयो । पञ्चायतकालमा साप्ताहिक पत्रिकाले प्रजातन्त्रको पक्षमा जनमत बनाउन र निरंकुश शासन व्यवस्थाको विरोधमा जनमत बनाउन योगदान गरेका थिए । २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्र पुनर्वाहली भएपछि छोटो अवधिमै नेपाली प्रेसले उद्योगको स्वरुप धारण गर्न सक्यो । राजा ज्ञानेन्द्रले २०६१ माघ १९ मा संविधान विपरित कार्यकारी अधिकार हातमा लिएर प्रेस माथि सैन्य सेन्सरसीप लागु गरेपछि प्रजातन्त्र, नागरिक अधिकार र प्रेस स्वतन्त्रताको पक्षमा दलहरुले सञ्चालन गरेको आन्दोलनलाई उच्च प्राथमिकता दिएर नेपाली प्रेसले गणतन्त्रको पक्षमा जनमत निर्माण गर्न योगदान गऱ्यो । यसरी २००७ सालपछि विभिन्न कालखण्डमा राजनीतिक दल र समाजले उठाएका मुद्दाहरूलाई निरन्तर छलफल र बहसमा ल्याएर समयानुकुल परिभाषित गर्दै नेपाली प्रेसले निरंकुश शासन व्यवस्थाको अन्त्य र प्रजातन्त्र वहालीका पक्षमा जनमत बनाएर व्यवस्था परिवर्तन गर्न सहयोगी भूमिका निर्वाह गऱ्यो ।

**सन्दर्भ सामग्रीसूची**


अधिकारी, सूर्यमणि. (२०७१). नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास. नयाँ दिल्ली : निराला पब्लिकेशन।

अर्याल, कुन्दन. (२०६९). गणतन्त्र सुदृढीकरणमा पत्रकारिता जगत्को भूमिका. लक्ष्मीविलास कोइराला, भरतबहादुर

ढुंगाना, श्याम चालिसे र रमेश श्रेष्ठ (सम्पा.), नेपाल द्वैमासिक : गणतन्त्र विशेषाङ्क–२०६९ (पूर्णाङ्क १९१, वर्ष ४३, अङ्क ५, चैत्र–वैशाख, २०६८–०६९, पृ. १११–१२८). काठमाडौं : नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग।

आचार्य, नरहरि. (२०६२, चैत्र ४). गणतान्त्रिक संरचनामा लोकतन्त्रको खोजी. कान्तिपुर दैनिक।

कोइराला, विश्ववेश्वरप्रसाद. (२०६७). गणेशराज शर्मा (सम्पा.), आत्मवृत्तान्त. ललितपुर : जगदम्बा प्रकाशन।

कोइराला, तारिणीप्रसाद. (२०६१). रेडियो नेपालको जन्म. प्रत्यूष वन्त, शेखर पराजुली र देवराज हुमागाई (सम्पा.). . काठमाडौं : मार्टिन चौतारी।

गौतम, राजेश. (२०५५). नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस (भाग १). काठमाडौं : श्रीराम श्रेष्ठ, कृष्णमुरारी अधिकारी।

घिमिरे, श्रीराम. (२०७१). नेपालमा प्रजातान्त्रिक आन्दोलन (वि.सं. २०१७–२०४६). त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत इतिहास विषयमा विद्यावारिधि (पीएच.डी.) उपाधिका निमित्त प्रस्तुत शोधप्रबन्ध.

जोशी, रामहरि. (२०४८). नेपालको नोभेम्बर क्रान्ति. काठमाण्डौं : अन्तर्राष्ट्रिय मञ्च।

थापा, हरिबहादुर. (२०६४). लोकतन्त्र : प्रेसमा सकारात्मक परिवर्तन. बलराम बानियाँ (सम्पा.). प्रेस स्वतन्त्रता : लोकतन्त्रको एक वर्ष. (पृ. १६७–१८४). काठमाडौं : नेपाल पत्रकार महासङ्घ केन्द्रीय समिति।

दाहाल, काशीराज. (२०६८). आमसञ्चार र कानुन. काठमाडौं : नेपाल प्रेस इस्टिच्यूट।

दाहाल, तारानाथ. (२०६३). प्रभाव र प्रवृत्ति. प्रेस स्वतन्त्रता सङ्कटका एक वर्ष. (पृ.७७–९२). काठमाडौं : नेपाल पत्रकार महासङ्घ केन्द्रीय समिति।

देवकोटा, ग्रीष्मबहादुर. (२०५९). नेपालको छापाखाना तथा पत्रपत्रिकाको इतिहास. ललितपुर : साझा प्रकाशन।

निष्ठुरी, विष्णु. (२०६४). सर्वशक्तिमान संसदको उदासिनता. प्रेस स्वतन्त्रता, लोकतन्त्रको एक वर्ष. (पृ. ६३–६६). काठमाडौं : नेपाल पत्रकार महासङ्घ केन्द्रीय समिति।

नेपाल अधिराज्यको संविधान २०४७. नेपाल कानुन किताव व्यवस्था समिति. सन् २०२१।

नेपाल, किरण (२०८० मङ्सिर ३०). जनतालाई व्यर्थ बनेका राजाका 'सय दिन'. हिमालखबर. https://www.himalkhabar.com/news/139287

नेपाल, किशोर (२०५७). जनमतसङ्ग्रहदेखि जनआन्दोलनसम्म, नेपाली पत्रकारिताको विकास र प्रभाव. काठमाडौं : व्यावसायिक पत्रकारिता प्रतिष्ठान।

नेपाल, जगत. (२०६४). टेलिभिजन : सम्भावना र चुनौती. बलराम बानियाँ (सम्पा), प्रेस स्वतन्त्रता– लोकतन्त्रका एक वर्ष. काठमाडौं : नेपाल पत्रकार महासङ्घ केन्द्रीय समिति ।

नेपाल, जगत. (२०७८). गणतन्त्र यात्रा, गिरिजाप्रसाद कोइरालाको सङ्घर्षका छ दशक. काठमाडौं : शिखा बुक्स ।

नेपाल, जगत. (२०७९, वैशाख २४). आधुनिक नेपालको तस्वीर : गोरखापत्र. गोरखापत्र दैनिक. https://gorkhapatraonline.com/news/11982

नेपाल, जगत. (२०२३). गणतन्त्र नेपालको स्थापनामा संसद र मिडियाको योगदान। मानविकी तथा सामाजिक शास्त्र संकायमा जर्नल, १५ (१–२), पृ. २०५–२१६. https://doi.org/10.3126/hssj.v15i1-2.63792

ढुङ्गेल, विनोद. (२०६४). *शाही शासनमा स्वतन्त्र रेडियो, दमन र प्रतिरोधको कथा*. काठमाडौं : मार्टिन चौतारी ।

प्रधान, भुवनलाल. (२०७१).नेपालको जनक्रान्ति २००७. काठमाडौं : हिमाल किताब ।

पाठक, तिलक. (२०७०). साप्ताहिक पत्रकारिता (१९५८–२०७०). दीपक अर्याल, भुवन केसी र तिलक पाठक (सम्पा.), मिडिया रिडर. (पृ. ५३–७२). ललितपुर : जगदम्बा प्रकाशन ।

पंगेनी, भवेश्वर. (२०६२). सन्दर्भ सहिद धर्मभक्त चर्चा भाइ धुरवभक्त. काठमाडौं : सहिद धर्मभक्त अध्ययन प्रतिष्ठान नेपाल ।

पौड्याल, बद्री. (२०७०). रेडियो पत्रकारिता. दीपक अर्याल, भुवन केसी र तिलक पाठक (सम्पा.), मिडिया रिडर (पृ. ७५–८७) ललितपुर : जगदम्बा प्रकाशन ।

बस्नेत, पुरुषोत्तम. (२०७३). *नेपाली कांग्रेसको इतिहासको प्रारुप* (भाग २). काठमाडौं : जननायक बी.पी. कोइराला स्मृति ट्र«ष्ट ।

मैनाली, रघु. (२०६३). *राजा ज्ञानेन्द्रको शासनकाल र सञ्चार माध्यममा सेन्सरसिप. मिडिया अध्ययन* (अङ्क १). काठमाडौं : मार्टिन चौतारी ।

मैनाली, रघु. (२०७४). *आधा शताब्दीको कठोर सङ्घर्ष*. ब्रजेशराज शर्मा, रघु मैनाली, घमराज लुइँटेल र जीवनाथ खनाल (सम्पा.), *पत्रकारिताका सतिसाल–मणिराज उपाध्याय स्मृतिग्रन्थ* (पृ. ३–३९). काठमाडौं : ब्रजेशराज शर्मा ।

राई, लालध्वज देउसा. (२०७९ असार). पत्रकारिताका गुरु. सुरेश अचार्य, विनोद ढुंगेल र भरतराज पोखरेल (सम्पा.). *उहिलेको पत्रकारिता*. (पृ. ९३–११८). मकवानपुर : अन्तरिक मामिला तथा कानुन मन्त्रालय, सञ्चार रजिस्टारको कार्यालय, बागमती प्रदेश ।

लुइँटेल, घमराज. (२०६१, चैत्र २७). *एफएम रेडियोमाथि सौतेनी व्यववहार*. कान्तिपुर दैनिक ।

विरही, हरिहर. (२०६०). *प्रकाशनको दिग्दर्शन* (चौथो संस्करण). काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

विष्ट, महेन्द्र. (२०७४). *नेपालमा प्रेस स्वतन्त्रता*. काठमाडौं : सीएमआर–नेपालसँगको सहकार्यमा साङ्ग्रिला पुस्तक प्रा.लि. ।

शर्मा, नारायणप्रसाद. (२०७९, असार). मोफसलका धरोहर. (सम्पा) सुरेश आचार्य, विनोद ढुंगेल र भरतराज पोखरेल, उहिलेको पत्रकारिता. (पृ. ३५–६०). मकवानपुर : अन्तरिक मामिला तथा कानुन मन्त्रालय, सञ्चार रजिस्टारको कार्यालय, बागमती प्रदेश।

संविधानसभा दर्पण (२०६५–२०६९). (२०७०). काठमाडौं : व्यवस्थापिका संसद सचिवालय।

सिंह, माथवर. (२०६७). गणेशमान सिंह मेरो कथाका पानाहरू–खण्ड १. काठमाडौं : आयाम प्रकाशन प्रा.लि.।

हाछेथु, कृष्ण. (२०६५). नेपाल : संक्रमणकाल र लोकतन्त्र. स्टकहोम : इन्टरनेसनल आइडिया (प्रजातन्त्र र निर्वाचन सहयोग संस्था)।

**अङ्ग्रेजी भाषाका सन्दर्भसामग्रीहरु**

Berger, P. L., & Luckmann, T. (1991). *The social construction of reality: A treatise in the sociology of knowledge.* Penguin Books.

Kharel, P. (2010). *Political communication*. Sangam Institute.

Kharel, P. ( 2012). *Media for participatary democracy*. Kamala Kharel.

Koirala, M. P. ( 2008). *A role in a revolution*. Jagadamba Prakashan.

Rana, Sagar S. J. B. (2017). *Singha Durber*. Rupa Publications India Pvt. Ltd.

**अन्तर्वार्ता**

नेम्वाङ, सुवासचन्द्र. (२०७९, भदौ १७). नेम्वाङ पूर्वसभामुख हुन्।

पौडेल, रामचन्द्र. (२०७७, असार २६ र २८), राष्ट्रपति पौडेल र पूर्व सभामुख हुन्।